काटिएका नानीहरूलाई शल्य चिकित्साको व्यवस्था गरिदिने हेडेन हल

प्लास्टिक सर्जन, एनेस्थेटिष्ट, ओटी नर्सहरू र तकनिशियन, स्पीच थेरापिस्ट र अर्थोडन्टिस्ट आदि सामेल रहने छन्। यसैले दार्जीलिङका यस्ता व्यक्ति वा नानीहरूको निम्ति हेडन हलले सराहनीय भूमिका निर्वाह गरिरहेको छ।

उनले गत नोभेम्बर २००४-मा ५ जना यस्तै रोगीहरूको सफलतापूर्वक अपरेशन गरिसकेको पनि जानकारी दिइन् र १० जनाको यो टोली दोस्रो रहेको पनि उनले जनाइन्। यस टोलीमा १६ महिना उमेर पुगेका झलक्देखि २० वर्षसम्मका किशोर सामेल छन्। सिस्टर एन.जोसेफले अझ बताइन्- साधारणतः यी अपरेशनको लागि १४ हजार रुपियाँ भन्दा अधिक खर्च लाग्ने गर्छ। यसैले गरिब तथा असहाय मानिसहरूसँग आफ्नो छोरा-छोरीको उपचार गर्ने इच्छा हुँदा-हुँदै पनि क्षमता पुग्न सक्तैन्, जसको कारण हेडेन हलले नै यो कदम उठाइरहेको छ र यसमा रोगीको कुनै खर्च लाग्दैन्।

आज अपरेशनको लागि गुवाहाटी प्रस्थान गर्न अघि अप्सरा खवास ३) की आमा सुनिता खवासले भनिन्- नानीको अपरेशनको कुरोले मलाई डर पनि लागिरहेको छ, तर डरभन्दा बेसी खुशी पनि लाग्दैछ। किनभने, यो अपरेशनपछि मेरो नानीको नाक र मुख



नयाँ जीवनको यात्रामा गुवाहाटी प्रस्थान गरेका यी बालक।

सामान्य भएर जानेछ। त्यसैले यसको लागि हाम्रो सम्पूर्ण परिवार हेडन हलप्रति आभारी छौं उनले थपिन्।

उनले यसअघि उक्त नानीको विकृत अंगको अपरेशन गर्न स्थानीय इडेन अस्पतालमा आफ्नी ३ वर्षीया छोरीलाई भर्ना गराएकी थिइन्। तर त्यो समय ठण्डाको कारण अपरेशन हुनु सकेन्। जन्मदेखि नै अप्सराको ओठ काटिएको पनि उनले जनाइन्।

जवान हुँदा नै अपरेशन गरिए ओठ काटिएका मानिसहरूको अंग सामान्य हुने पनि सिस्टर जोसेफले जनाइन्।

**TRANSLATION:**

Darjeeling, 18 Mar, 2005

## HAYDEN HALL SUPPORTS CHILDREN'S HEALTHCARE AND WOMEN'S ECONOMIC EMPOWERMENT

Darjeeling, 17 March: Hayden Hall Institute has taken a remarkable humanitarian initiative by arranging free corrective surgery for ten children and young individuals born with cleft lips under its "Smile Train Project."

The beneficiaries, belonging mostly to poor and underprivileged families from areas such as Rimbick, Badamtam, Sidrabong, and Chota Pubong, were taken to Guwahati for treatment and surgery.

According to Sister Ann Joseph, the surgeries were scheduled to begin immediately and the patients were expected to recover within approximately twelve days. The medical team involved in the treatment included plastic surgeons, anesthetists, OT nurses, technicians, speech therapists, and orthodontists.

Sister Ann Joseph further informed that Hayden Hall had successfully arranged similar surgeries for five patients in November 2004, making this the second group under the initiative. The beneficiaries ranged in age from 16 months to 20 years.

She explained that such surgeries generally cost more than ₹14,000, making treatment difficult for economically disadvantaged families. To support these vulnerable children, Hayden Hall has been arranging the surgeries completely free of cost.

Parents of the children expressed both emotional relief and gratitude. Sunita Khawas, mother of three-year-old Apsara Khawas, shared that although she felt anxious about the surgery, she was deeply happy knowing her daughter would finally be able to live with a normal appearance after the operation.

Sister Joseph emphasized that early surgical intervention can significantly improve the lives of children with cleft lips and encouraged parents of similar patients to contact Hayden Hall for assistance and support.

# नारीहरूको उत्थानका निमित्त तत्परता

दार्जीलिङ, १७ मार्च(निसं): नारी कल्याण अनि विकास समितिले दार्जीलिङ पहाड़ी इलाकामा नारीहरूले उत्थान अनि आर्थिक विकासको पथमा पाइला चालिरहेको छ। हाल यस नारी कल्याण अनि विकास समितिका ३६६८ सदस्यहरू छन् भने उनीहरूबाट सङ्ग्रह भएको धनराशिले करोड़ रूपियाँको सीमा नाँघिसकेको छ। सन् १९९६-देखि शुरू भएको यस समितिले सन् १९९७-देखि २००४-सम्म मोठ ५६ लाख रूपियाँ ऋण दिइसकेको छ।

विशेष नारीहरूलाई आर्थिक रूपमा सम्पन्न बनाउने उद्देश्यले शुरू गरिएको यस समितिले शिक्षा, घर निमार्ण, पशु-पालन, खेतीपाती र अन्य आवश्यक कार्यहरूको लागि ऋण प्रदान गर्नेगर्छ। यस अधिवेशनलाई सम्बोधन गर्दै समितिका सुपरभाइजर अल्फन्स तामडले सन् १९९६-मा गठित यस संस्थाले नारीहरूको उत्थानार्थ सन् २००४-सम्म ५६ लाख रूपियाँ ऋण स्वरूप प्रदान गरिसकेको जनाए। आज यस अधिवेशनमा ३ सयभन्दा अधिक महिलावर्ग उपस्थित भएका थिए।

यस समितिकी सदस्या स्थानीय हरसिंह हट्टा निवासी श्रीमती सीता बीकेसँग प्रश्न गर्दा उनले भनिन्, विगत ५ वर्षदेखि यस संस्थामा मैले मासिक ५० रूपियाँ गरेर भुक्तान गरिरहेकी छु। जसबाट मैले सन् २०००-मा ३००० रूपियाँ ऋण लिएर एउटा गाई किनें। त्यो पैसा विस्तारो गर्दै फर्काउँदैछु अनि फेरि यस वर्ष नानीलाई स्कूल भर्ना गराउनको निम्ति २००० रूपियाँ ऋण लिएँ।

यसरीनै स्थानीय गौशाला निवासी सुश्री लिला सुब्बाले पनि दोकान थाप्रको लागि ५००० रूपियाँ जति ऋण लिनेविचार गरिरहेकी जनाइन्। उनले भनिन्, बेरोजगार भाएर बस्नुभन्दा राम्रो एउटा सानो दोकान थाप्रे विचार गर्दैछु। ऋण लिन अन्य स्रोतहरू छैन। त्यसैले अब यसै विकास समितिबाट केही ऋण लिएर स्वरोजगार गर्ने दिशामा उनले थपिन्। उल्लेखनीय, हाल यस संस्थाको मोठ जम्मा राशि १ करोड़ १५ लाख रूपियाँ छ।



नारी कल्याण अनि विकास समितिको वार्षिक सम्मेलनमा उपस्थित नारीहरू। फोटो: मोहन लामा।

Darjeeling, 17 March:  The Women Welfare and Development Committee has been actively working towards the upliftment and economic empowerment of women across the Darjeeling hills. Established in 1996, the committee has grown to include 3,668 members, with total savings exceeding ₹1 crore.

According to supervisor Alphons Tamang, the organization has provided loans amounting to nearly ₹56 lakh between 1997 and 2004 to support women in areas such as education, house construction, livestock rearing, agriculture, and small businesses.

More than 300 women attended the annual conference of the committee, where several members shared how the initiative had helped improve their livelihoods. Sita BK from Harsingh Hatta stated that she had taken a loan to purchase a cow and later borrowed funds again for her child’s education. Similarly, Lila Subba from Goushala expressed her plans to start a small shop through financial assistance from the committee.

The programme highlighted the growing role of women-led savings and credit initiatives in promoting self-employment, financial independence, and social development in rural communities.